लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण

(GESI Audit)

(आ.व २०७८/०७९)

प्रतिवेदन

प्रतिवेदन पेश गर्ने :

प्रदेश सुशासन केन्द्रको कार्यालय

लुम्विनी प्रदेश, नेपालगञ्ज, बाँके

प्रतिवेदन तयार पार्ने :

वातावरण तथा ग्रामिण विकास केन्द्र (ईन्रुडेक)

कोहलपुर, बाँके

Contents

१. पृष्ठभूमी.....

२. अध्ययनको महत्व.....

३. लैङ्गिक परिक्षणको उद्देश्य.....

४. लैङ्गिक परिक्षणले समेटने क्षेत्रहरु.....

५. लैङ्गिक परिक्षणको विधि र तरिका.....

५.१. तयारी चरण.....

५.२. कार्यान्वयन चरण.....

६. लैङ्गिक परिक्षणका सहभागीहरु.....

७. लैङ्गिक परिक्षणको विश्लेषणका औजार.....

८. लैङ्गिक परिक्षण बात आएका मुख्य प्रप्ती.....

९. लैङ्गिक परिक्षण विधि बाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था

९.१.१. परिक्षण पश्चात सुचकहरुले प्राप्त गरेका अंङ्क.....

९.२.लैङ्गिक परिक्षण नतिजाको माकुरे जालो.....

९.२.१. मुख्य सुचक माकुरो जालो विधि.....१

९.२.२ मुख्य सुचक स्तम्भ चित्र विधि.....१

९.२.३. उप-सुचक क्षेत्रगत रुपमा नतिजाको माकुरी जालो विधि.....१

९.२.४ उप-सुचक क्षेत्रगत रुपमा नतिजाको वार डायग्राम विधि.....१

१०. पालिका(स्थानिय तह) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको सवल, कमजोर, अवसर र चुनौती पक्ष .....

११. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण विकास कार्ययोजना .....

१२. सुझाव.....

१३. अनुसुचि .....

१.पृष्ठभूमी (Background)

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै लैङगिक लगाएत विभिन्न किसिमका विभेद र जातीय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यबस्था उल्लेख गर्दै मौलीक हक र दायीत्व खण्डमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण(लैससास) सुनिश्चित गर्न विभिन्न मौलीक हकको व्यवस्था गरेको छ। महिलाको हक सम्बन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृ:व र प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरु काननू बमोजिम दण्डनिय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरु सामाजिक र सांकृतिक रुपले पछाडी परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानमा विशषे प्रावधानहरु राखिएको छ। सामाजिक न्यायको हकले तिनै तहका सरकारहरुले समावेशी र समानुपितक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

नेपालकमा सरकारी स्तरबाट महिला तथा बञ्चितिमा परेका वर्गहरुलाई विकासको मुलप्रवाहमा ल्याई समावेशी विकास गर्ने उदेश्यले लैससास सम्बन्धी नीतिलाई स्थानिय तहमा कार्यान्वयन गर्न संघिय, प्रादेशिक तथा स्थानिय सरकारहरुले अधिकतम प्रयासहरु गरिरहेका छन् । यसै परिप्रक्षमा राज्यको सबै संरचनाहारुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण निति कार्यन्वयन गर्नका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैंङ्गिक समानता निति २०७७ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाँउपालिका/नगरपालिका सामाजिक समावेशीकरण नीति, २०७८ (नमूना) तर्जुमा गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ मा लैङ्गिक समानता तथा सामजिक समाबेशिकरण (लैससास) सम्बन्धी ब्यवस्था प्रस्तावनामानै उल्लेख गरिएको छ । यसका अलवा दफा ११ को गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यावस्थापनको जिम्मेवारी अन्तरगत बिभिन्न कार्यक्रमहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानिय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको निति, लक्ष्य, उदेश्य समयसिमा र प्रकृयासँग अनुकुल हुनेगरी सुशासन, वाताबरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकुल, विपत् व्यावस्थापन, लैङ्गिक तथा सामाजिक समाबेशीकरण अन्तरसम्बन्धित बिषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरि सोही दफाको उपदफा (३) गाँउपालिका तथा नगरपालिकाले आफ्ना योजना, निति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका

तथा पिछडिएका बर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिबृद्दि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ ।

संयुक्त राष्ट्रसंघको साधरण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वातन्त्रता, समानताका साथै भोक, गरिबिको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । यसका साथै यि लक्ष्यहरुले गरिबिको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनीक अल्पसंख्यक, पिछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उदेश्य राखेको छ । चरम गरिबिको अन्त्य गर्न, असमानता हटाउन, विभेदसंग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि केहि पनि पछाडीनछुट्ने भन्ने मुख्य सिद्दान्तलाई दिगो बिकास लक्ष्यहरुले अंगिकार गरेको छ । पन्ध्रौ योजना (आर्थिक बर्ष २०७६/०७७- २०८०/०८१ को आधारपत्रमा क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण ख) बालबालिका तथा किशोरकिशोरी ग) जेष्ठ नागरिक घ) अपाङ्गता भएका व्यक्ति ङ) सामाजिक सुरक्षा तथा संरक्षण च) समावेशिकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको लैससास परीक्षण दिग्दर्शन २०७८ ले स्थानिय तह अन्तगत लैंगिक तथा सामाजिक विकास सम्बन्धमा सैद्दान्तीक तथा व्यवहारीक ज्ञान दिलाई संविधानको मर्म र भाबना अनुरूप, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन, लक्ष्य तथा प्रतिबद्दताहरुलाई स्थानियकरण गरि स्थानिय सरकारले नीति, कानुन, योजनाकार्यक्रमलाई लैससास संवेदनशील तथा उत्तरदायी बनाउने महिला तथा सामाजिक रुपमा पछडिएका समुदायको सशक्तिकरण र अर्थपुर्ण सहभागिता सुनिश्चित गर्नु पर्नेछ । साथै विकास प्रकृयामा लैससास का मुद्दाहरुलाई समावेशी गर्ने र विकासका कार्यक्रमको लाभ प्राप्तिमा समतामुलक तथा न्यायोचित अवसर सुनिश्चित गराउनका लागि यही कार्यबिधिलाई अनुरूप लैङ्गिक बिभेदको अन्त्य गरि आर्थिक समानता, समृद्दि र सामाजिक न्याय सुनिश्चित गर्ने तथा समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्दान्तमा आधारित समतामूलक सामाजको निर्माण गर्नको लागि संघीय संरचना अन्तरगत बनेका स्थानीय तह तथा निकायहरूले आ-आफ्नो निति तथा कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण प्रणालीलाई आन्तरिकरण गर्दै यसलाई निरन्तर गर्ने क्रममा यस वर्ष पनि यस **राप्ती गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण** गरेको छ ।

२. अध्ययनको महत्व :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवलमा नेपालको लागि महत्वपुर्ण रहेको महसुस गरिएका लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको अवधारणा सबै स्थानीय तहहरुमा लागु गर्न प्रयास गरिएको छ । नेपाली समाजमा लैङ्गिक विभेदले महिला, पुरुष र अन्य लिङ्गको आधारमा सामाजिक विभेद देखिएको र फरक मुल्य मान्यताहरुको व्याप्त भएको अवस्था छ । यस्तै जातिय, भार्षिक धार्मिक आधारमा विभेद महसुस गरेको छ । कानुन अनुसार यी विभेदहरु दण्डनीय छन् तैपनि समुदाय

स्तरमा विगतको समयमा व्याप्त भएका यस विभेदहरुको कसर अझै वाँकी देलिन्छ । यस कारण नेपाल सरकारले लैङ्गिक तथा सामाजिक वहिस्करणलाई निर्मुल गर्ने नीति लिएको छ ।

सबै स्थानिय सरकारहरुमा लै.स.सा.स को अवधारणलाई कार्यान्वयन गरि समतामुलक समाजको स्थापना गर्ने कार्यमा यस लै.स.सा.स परीक्षण कार्यको महत्वपुर्ण भुमिका रहेको छ । हालको अवस्थामा स्थानिय सरकारहरुमा लै.स.सा.स प्रवद्धनका कार्यहरु के कति रुपमा भएका छन् भन्ने कुराको निर्क्यौल गर्ने कार्य हो यो । यस वाट स्थानिय सरकारहरुले नीति, कानुन र योजना तर्जुमा गर्दा लै.स.सा.स सम्बेदनशिल्ताको प्रयोग र यस प्रति दृष्ट्रीकोणको उपयोगको अवस्था कस्तो रहेको छ ? स्थानिय तहको संस्थागत संरचनामा लै.स.सा.स को अवस्था कस्तो रहेको छ ? पालिकाहरुको जनशक्ति नियुक्ति र जनप्रतिनिधिको व्यवस्थामा लै.स.सा.सको रणनितिक अभ्यास कस्तो छ र यसवाट सहभागिता र निर्णय प्रक्रियामा के प्रगति भएको छ ? सेवा प्रवाहको क्रममा लै.स.सा.स को अवधारणलाई कसरी कार्यान्वयन गरिएको छ ? सेवा प्रवाह अझै महिला तथा विपन्न भएका समुदायका नागरिकहरु अझै वहिस्करणमा परेका छन् ? सुशासनका अभ्यासहरुको अवस्था के छ ? सुशासन लै.स.सा.स कार्यान्वयन कस्तो छ ? यी कुराहरुको परीक्षण गरिने भएको हुदा सघिंय, प्रदेश र स्थानिय सरकारहरुमा नियमित परीक्षणको आवश्कता रहेका छ ।
लै.स.सा.स परीक्ष्णले स्थानिय सरकारहरुमा विगतका आर्थिक वर्ष र विगतका समय कार्यालय वाट हुने सबै खाले सेवा प्रवाहमा लै.स.सा.सको अवधारणलाई कार्यान्वयनको अवस्थाको चित्रण गर्दछ । यस वाट उक्त क्षेत्रको सवल ,कमजोर पक्षहरु तथा अवसर र चुनौतिहरुको विधिवत रुपमा पहिचान हुने भएकोले आगामी दिनमा के कस्ता पहलहरु गर्ने बारेमा योजना तथा कार्याक्रमहरु तयार गर्न सहज हुने गर्दछ । समग्र नेपालमा लै.स.सा.स मैत्री समाजको निर्माण गर्न सरकारी तौरतरिका वाट गरिने पहलहरुमा प्रभावकारीता आउँछ ? यस वाट विभेदकारी नीति तथा कार्यक्रमहरुको अन्त्य गरि सुशासनयुक्त समृद्ध समाजको श्रृजना गर्न टेवा पुग्दछ ।
स्थानिय सरकारहरुमा लै.स.सा.स परीक्षणले स्थानिय नीति, कानुन, योजनाको तहमा लै.स.सा.स सम्वेदशिलता समावेश गरेर संस्थागत संरचना जनशक्ति व्यवस्था र क्षमता विकास, सेवा प्रवाह सुशासनका क्रियाकलापहरुमा लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी दृष्ट्रीकोण कार्गान्वयन गरि स्थातिय तहमा समतामुलक समाजको स्थापना गर्ने जग निर्माणको अपेक्षा गरिएको छ । साथै यसबाट स्थानिय तह बाटै दिगो शान्ति तथा समृद्धिका सुरुवात हुने सुनिश्चित छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको देहाय अनुसारको महत्व रहेको छ ।

क) संविधान द्रारा प्रद्दत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताका आधारमा राज्यका सबै संरचनाका महिला, बालबलिका, दलित, आदिवासी, जनजाति मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था गरिएको परिदृश्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न उपायहरु पहिचान गर्ने ।

ख) नेपाल सरकारले लैससास मुद्दाहरुलाई नीतिगत तथा कानुनी सुधार गर्दै अग्रता दिई रहेको सन्दर्भमा यस राप्तीगाउँपालिकाले समेत यस विषयलाई प्राथमिकतामा राख्नु पर्दछ । नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको अवधारणलाई आफ्ना नीति, योजना तथा

कार्यक्रम र बजेटमा मुलप्रबाहीकरण गर्नुपर्ने देखिएको छ। यसको सुनिश्चितताका लागी पालिकाले निरन्तर रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण गर्नु पर्दछ।

३. लैङ्गिक परिक्षणको उद्देश्य :

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको मुख्य उद्देश्य राखि यस राप्ती गाउँपालिकाले गर्ने सम्पुर्ण विकासका कार्यहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिश्चित, समतामुलक वितरण तथा उपयोगि बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार रहेका छन।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको (**GESI GAPs**) प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

ग) स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोण बाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजान।

घ) गत वर्ष र यस वर्षको सामाजिक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा आएको अन्तर र यसमा रहेको सुधार अवस्थाको विश्लेषण गर्ने।

४. लैङ्गिक परिक्षणले समेटने क्षेत्रहरु :

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको परिक्षणको दिग्दर्शन २०७८मा संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने सूचकहरुमा स्थानीय सरकारको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवध्दताहरू गरी प्रमुख पाँचवटा विषय क्षेत्र समावेश गरिएको छ।परीक्षणका लागि सूचकको रुपमा नीति, कानून, योजना; संस्थागत व्यवस्था; मानव संसाधन तथा क्षमता विकास; सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व गरी पाँचबटा शीर्षकहरु भित्र विभिन्न २२ वटा उपशीर्षकहरू राखिएका छन्।

यस राप्ती गाउँपालिकाले पनि यिनै ५ वटा मुल शिर्षक र २२ उप शिर्षकमा रहेर लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण गरिएको छ जुन निम्न रहेका छन।

१.निति, कानुन तथा योजना :

१.१ नीति कानुनमा समाबेशिता, सहभागिता

१.२ योजना तर्जुमा तथा कार्यान्वयन

१.३ बजेट तर्जुमा तथा कार्यान्वयन

२. संस्थातग व्यवस्था :

२.१ कर्मचारी पदाधीकारी प्रतिनिधीत्व

२.२ कार्यप्रणाली समाबेशी

२.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व

२.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशीता

२.५ तथ्याङ्क संकलन तथा व्यवस्थापन

३. मानव संसाधन तथा क्षमता विकास :

३.१ मानव संसाधन तथा क्षमता विकास

३.२ अनौपचारीक मुल्य, मान्यता र कुसंस्कार विरुद्द जनचेतना

३.३ कानुनी साक्षरता

३.४ विपत् व्यवस्थापनमा समावेशिता

४. सेवा प्रवाह :

४.१ पुर्वाधार विकास

४.२ प्रजनन् स्वास्थ्य

४.३ शिक्षा कार्यक्रम

४.४ खानेपानी तथा सरसफाई

४.५ स्वारोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

५. सुशासन तथा उत्तरदायीत्व :

५.१ सुशासन

५.२ उत्तरदायीत्व र जवाफदेहिता

५.३ सुचना तथा संचार

५.४ अनुगमन तथा मुल्याङ्कन

५.५ संमन्वय तथा सम्बन्ध विस्तार

५. लैङ्गिक परीक्षणको विधि र तरिका :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दुई चरणमा विभाजन गरी देहाय अनुसार सम्पन्न गरियो ।

५.१ तयारी चरण :

- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यान्वयन समिति गठन :**
  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यान्वयन समितिको वैठक निर्माणका लागि मिति२०७९/१२/०७ गतेका दिन महिला तथा वालवालिका शाखा प्रमुख श्री जिवन कुमारी जि.सी संग समन्वय गरी अध्यक्ष श्री प्रकाश विष्ट ज्यूको अध्यक्ष्यता, उप प्रमुख श्री कमलापति चौधरी, प्रमुख प्रशासकीय अधिकृत नेव बहादुर वली, प्रशासन शाखा पहलवान चौधरी, महिला तथा वालवबालिका शाखा जिवन कुमारी जि.सी. र कार्यपालिका सदस्य चम्फा भुषाल, पार्वती सुवेदी, देव प्रसाद चौधरीको उपस्थितीमा बैठक बसि अध्यक्ष श्री प्रकाश विष्ट ज्यूको संयोजकत्वमा, उप प्रमुख श्री कमलापति चौधरी, प्रमुख प्रशासकीय अधिकृत नेव बहादुर वली, प्रशासन शाखा पहलवान चौधरी, महिला तथा वालवबालिका शाखा जिवन कुमारी जि.सी. कार्यपालिका सदस्य चम्फा भुषाल, पार्वती सुवेदी, देव प्रसाद चौधरी र स.घ संस्था बाट पछि ३ जना सदस्य थप हुने गरि ११ सदस्सीय लैससास परिक्षण कार्यान्वयन समितिको गठन गरिएको थियो ।

- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल गठन**
  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल निर्माणको लागि मिति २०७९/११/०५ गतेका दिन कार्यदल गठन गर्नका लागि महिला तथा वालवालिका शाखा प्रमुख श्री जिवन कुमारी जि.सी संग समन्वय गरी अध्यक्ष श्री प्रकाश विष्ट ज्यूको अध्यक्ष्यता, उप प्रमुख श्री कमलापति चौधरी, प्रमुख प्रशासकीय अधिकृत नेव बहादुर वली, प्रशासन शाखा पहलवान चौधरी, महिला तथा वालवबालिका शाखा जिवन कुमारी जि.सी. र कार्यपालिका सदस्य चम्फा भुषाल, पार्वती सुवेदी, देव प्रसाद चौधरीका उपस्थितीमा बैठक बसि उपाध्यक्ष्य कमलापति चौधरीको संयोजकत्वमा कार्यपालिका सदस्य रण बहादुर पुजाली, सावित्री चौधरी, महिला तथा वालवालिका शाखा जिवन कुमारी जि.सी र **GESI** विज्ञ शोभिता परियार समेत गरी ५ सदस्सीय लैससास परिक्षण कार्यदल गठन गरिएको थियो । लैससास कार्यदल कार्यशाला गोष्ठी संचालनको लागि मिति २०७९/१२/७ र ८ गतेका दिन र लैससास परीक्षणको लागि सहभागीहरू तोक्ने तथा आवश्यक सुचना प्रवाह गर्नुका साथै उक्त कार्यदल र लैससास परिक्षण विज्ञले गाउँपालिकाको नीति तथा कार्यक्रम, आदिको योजना तथा अन्य दस्तावेजहरुको पुनारवलोकन गरि प्रारम्भिक प्रतिवेदन तय गरिएको थियो ।

५.२ कार्यान्वयन चरण :

लैससास परीक्षण कार्य नितान्त संस्थाको स्व-लेखाजोखा कार्यक्रम भएको हुनाले संस्थाका सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु र सम्बन्धित सरोकारवालाहरुलाई लैससास को अवधारण र लैससास परिक्षणको महत्व बारे प्रष्ट पारिएको थियो । लैससास परिक्षणमा सबै सहभागिलाई ५ वडा समुहमा बिभाजन गरि प्रत्येक समुहलाई एउटा एउटा मुल शिर्षकमा हन छलफल गर्न लगाई प्राप्त नतिजालाई पुन ठुलो समुहमा छलफल गराई अंक भार निर्धारण गरियो । यसरी नै सबै ५ वटा नै मुल बिषयको १०० वटा सुचांकमा छलफल गरि जम्मा प्राप्त अंक निर्धारण गरियो । प्राप्त भएका नतिजालाई माकुरोको जालो र बार डायग्रममा प्रस्तुत गरि स्व मुल्याङ्क गरिएको थियो । सहभागिताद्धारा प्रत्येक बिषय क्षेत्रको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको सामुहिक आङ्कलन गरि र अन्तत सुधार गर्नु पर्ने पक्षको कार्य योजना समेत तयार गरियो ।

६.लैससास परिक्षणका सहभागी :

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण नितान्त अन्तिरिक स्व-लेखाजेखा कार्यक्रम भएकोले गाउँपालिका अध्यक्ष उपाध्यक्ष, वडा अध्यक्ष साथै अन्य पदाधिकारीहरु र सम्पुर्ण विषयगत शाखाको प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितीमा गोष्ठी संचालन भएको थियौ ।

सहभागी		अपाङ्गता	दलित	जनजाति	वाह्रामण	मधेशी	मुस्लिम	अन्य	जम्म
महिला	१३	०	०	६	७	०	०	०	१३
पुरुष	२५	०	२	१२	११	०	०	०	२५
जम्म	३८								३८

७ लैङ्गिक परिक्षणको विश्लेषणका औजार :

यस राप्ती गाउँपालिकाको लैससास परिक्षणको लागि गठित कार्यदलले तथा सहभागिहरुले प्रत्येक मुल शिर्षकमा प्राप्त अंकलाई माकुरोको जालो बिधि बाट र भेन डायग्राम बिधिबाट बिश्लेशण गरियो त्यसै गरि पाँचबटा मुल शिर्षक भित्रका २२ वटा सह बिषयहरुलाई पनि पुन त्यसै गरि माकुरोको जालो बिधि २ र भेनडायग्राम बिधि बाट बिश्लेशण गरि प्रस्तुतिकरण गरिएको थियो । त्यसैगरी सुचकबाट प्राप्त नतिजावाट सबै मुल बिषयको सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर तथा चुनैतीहरु तालिका बनाई सबै सहभागिहरुलाई यस विषयमा छलफल गराईएको थियो ।

८. लैङ्गिक परिक्षण बाट आएका मुख्य प्राप्तिहरु :

लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण परिक्षण गरिसके पछि यस राप्ती गाउँपालिका मार्फत सञ्चालन भइरहेको विभिन्न क्रियाकलापहरुमा लैङगिक संवेदनशिलताको अभ्यासको अवस्था तथा पृष्ठपोषण प्राप्त भएको थियो र गत वर्ष र यस वर्षकोको लैससास निति तथा कार्यक्रमहरुको अन्तराल (**GAPS**) विश्लेषण गरि नयाँ कार्यक्रमहरुको सहितको कार्य योजना तयार गरिएको थियो । आगामी दिनमा गाउँपालिका/नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरणमैत्री बनाई थप सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नका लागि पनि परिक्षणले मार्ग प्रशस्त गरेको छ । मुख्यतया लैससास परिक्षण पश्चात निम्मानुसार उपलब्धीहरु तथा प्राप्तिहरु पहिचान भएका छन ।

- यस राप्ती गाउँपालिकाले तर्जुमा गरेका निति तथा कार्यविधिहरुमा लैससास दृष्टिकोणले जनसहभागिता हुने गरेको छ र निति तथा कार्यबिधि निर्माण गर्ने चरणमा महिला तथा बञ्चितिकरणमा परेका समुहसंग छलफल गर्ने गरेको छ ।
- महिला तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेको समुदायहरुलाई लक्षित गरी धेरै जसो कार्यबिधिहरु पनि बनेका छन् । पिडित महिला र जनजाती लक्षित केहि बिशेष कार्यक्रम र बजेट पनि तय भएको छ । कार्यालय परिसरमै हिंसापिडीतको लागी सेफ हाउस पनि निर्माण भएको छ
- राप्ती गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ ।
- लैङ्गिक हिसांका घटनाहरुमा महिलाहरुले न्याय का लागी न्यायिक समितीले सक्रियरुपले कार्य संचालन गरेको छ ।
- यस गाउँपालिकाको संचालन गर्ने क्षमता विकासका कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका केही व्यक्ति र समुहलाई प्राथमिकता कार्यक्रम भएको र पालिकाको आफ्नै सक्रियतामा विभिन्न तालिम सामाग्री निर्माण गरी सचेतना कार्यहरु संचालन गरेको देखिन्छ ।
- राप्ती गाउँपालिकाले सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि बिषेश सहुलयताको कार्यक्रम संचालन गर्ने गरेको छ ।
- बालबलिका, जेष्ठनागरिक, महिला र अपाङ्गतामैत्री भौतिक संरचनाहरु सार्वजनिक स्थलमा निर्माण भएका छन ।
- यस पालिकाले **website** निर्माण गरी बिभिन्न सुचनाहरु बार्षिक निति, कार्यक्रम तथा बजेट, आय, पार्श्वचित्र, जोखिम नक्साङन आदि राखेको छ ।

९. लेससास परिक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था :

यस गाउँपालिकाले लैङगिक समानता तथा सामाजिक परिक्षण गरिसके पछि प्रमुख ५ वटा मुल शिर्षकका सय वटा सुचकहरुले प्राप्त गरेको अंङ्कलाई विश्लेषण गरि छलफल गरिएको थियो । जम्मा १०० अंकभार रहेको सुचकहरुमा यस नगरपालिका ले ६३ **अंङ्क** हासिल गरेको छ । गत वर्षको तुलनामा यस वर्ष यस पालिकाले .५ अंङ्क कम पाएको छ । यो अङ्क परिक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंकलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

९.१. परिक्षण पश्चात सुचकहरले प्राप्त गरेको अंक :

लैससास बजेट परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था :

गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक परिक्षण गरिसके पछि प्रमुख ५ वटा मूल विषय र २२ वटा उपविषयका १०० वटा सुचकहरुले प्राप्त गरेको अंकलाई विश्लेषण गरि छलफल गरिएको थियो । यस आधारमा लैंगिक परिक्षणमा पालिकाको अवस्था यस प्रकार देखिएको छ ।

राप्ती गाउँपालिका गत वर्ष र यो वर्षको परीक्षणको तुलनात्मक विश्लेषण

क.स	मुख्य सुचक	आ. व. ०७७/०७८		आ. व. ०७८/०७९		क.सं	उप सुचक	आ. व. ०७७/०७८		आ. व. ०७८/०७९	
		कुल अकं	प्राप्ताङ्क	कुल अकं	प्राप्ताङ्क			कुल अकं	प्राप्ताक	कुल अकं	प्राप्ताक
१	नितीं, कानुन, योजना	२०	९	२०	१३	१.१	निती र कानुनमा समावेशीता , सहभागीता	८		८	६
						१.२	योजना तर्जुमा तथा कार्यक्रम	८		८	५
						१.३	बजेट तर्जुमा तथा कार्यान्वयन	४		४	२
कुल प्रापताङ्क											१३
२	सस्थागत व्यवस्था	२०	१२	२०	१५.५	२.१	कर्मचारी पदाधिकारी प्रतिनिधित्व	४		४	४
						२.२	कार्यप्रणली समावेशी	४		४	२
						२.३	समिती, उपसमिती र कार्यदलमा प्रतिनिधित्व	४		४	३.५
						२.४	वित्त व्यवस्थापन	४		४	३
						२.५	तथ्यांङ्क संकलन तथा व्यवस्थापन	४		४	३
कुल प्रापताङ्क											१५.५
३	मानव संसाधन तथा क्षमता विकास	२०	१३.५	२०		३.१	मानव संसाधन तथा क्षमता विकास	८		८	५.५
						३.२	अनौपचारीक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना	४		४	२
						३.३	कानुनी साक्षरता	४		४	२
						३.४	विपद व्यवस्थापनमा समावेशीता	४		४	३.५

कुल प्रापताङ्क											१३
४	**सेवा प्रवाह**	२०	१४	२०	१३	४.१	पूर्वाधार विकास	४		४	१.५
						४.२	प्रजनन स्वास्थ्य	४		४	२.५
						४.३	शिक्षा कार्यक्रम	४		४	३
						४.४	खानेपानी तथा सरसफाई	४		४	३.५
						४.५	स्वाजगार तथा आय आर्जन र बजार व्यवस्थापन	४		४	२.५
कुल प्रापताङ्क											१३
५	**सुशासन तथा उत्तरदायित्व**	२०	१५	२०		५.१	सुशासन	४		४	१.५
						५.२	उत्तरदायित्व र जवाफदेहिता	४		४	१.५
						५.३	सुचना तथा संचार	४		४	१.५
						५.४	अनुगमन तथा मूल्यांकन	४		४	१.५
						५.५	समन्यवय र सम्बन्ध विस्तार	४		४	२.५
कुल प्रापताङ्क					८.५	**कुल प्राप्ताङ्क**					८.५
जम्मा		१००	६३.५	१००	६३	**जम्मा**		१००	६३.५	१००	६३

कमजोर पक्ष : लैससासको दृष्टिकोणबाट कमजोर पहिचान गरीएका मुख्य सुचक तथा उपसुचक प्रश्न

क.स	सुचक	उपसुचक	प्रश्न, (अवस्था)	अकंभार	प्राप्ताङ्क
१	**निती, कानुन, योजना**	१.३. बजेट तर्जुमा तथा कार्यान्वयन	१.३.२ स्थानिय सरकारका क्षमता बिकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशि बजेट निर्माण एवं परिाक्षण नियमित रुपमा गर्ने बजेट व्यवस्था गरिए । / नगरिएको ?	०-१	०
२.	**सस्थागत व्यवस्था**	२.२. कार्यप्रणालीमा समावेशी	२.२.३ स्थानिय सरकार बाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिलाहिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ । / छैन ?	०-१	०
		२.४. वित्तिय व्यवस्थापन	के स्थानिय सरकारमा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानविय श्रोतहरु लगि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ?	०-१	०
३	**मानव संसाधन तथा क्षमता विकास**	३.२. अनौपचारीक मूल्य मान्यता र कु-संस्कार विरुद्ध जनचेतना	३.२.२. लैङ्गिक हिंसा रहित गाउँपलिका / नगरपालिका घोषण गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्र सुन्य सहिष्णुता अपनाएकृ छ ? (घटेका घटना संख्या र लिइएका निर्णय)	०-१	०
४	**सेवा प्रवाह**	४.१. पुर्वाधार विकास	४.१.३. स्थानिय तहले १५०० वर्गफिट भन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्शा स्वीकृत गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोण बाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ ।/ छैन ?	०-१	०
		४.५. स्वरोजगार तथा आर्य अर्जुन	४.५.४. गरिब तथा बन्चितीकरणमा परको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथ मुल्य सहकारी पसलहरुको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए । / नभएको ?	०-१	०
५	**सुशासन तथा उत्तरदायित्व**	५.१. सुशासन	५.१.४. संयुक्त राष्ट्र सङ्घिय बाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिबद्रता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेकु छ ?	०-१	०
		५.३. सुचना तथा संचार	४.३.१. महिला, बालबालिका सबै जनजातिका विपन्न बर्ग (आदिवासी जनजाति दलित मधेसी मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएको वयक्तिहरु जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहशरुको सुचना, शिक्षा तथा संचार	०-१	०

			सम्बन्धी कार्यक्रमको प्रवाह बाट यी वर्गहरुको जनचेतना वृद्रि भएको छ ? (आधार तथ्यांक संग समेत तुलना गर्न सकिने)		
		५.४. अनुगमन तथा मुल्यांकन	५.४.१. के कार्यक्रम तथा परियोजना कार्यान्वयन बाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको छ ?	०-१	०
		५.५. संमन्वय तथा सम्बन्ध विस्तार	५.५.४. सबै प्रकारका भेदभव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्र संघ सुरक्षा परिषद बाट परित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्रको कार्ययोजनामा स्थानिय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएको	०-१	०

९.२ लौङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण मुख्य सुचक नतिजाको माकुरे जालो :

९.२.१ माकुरो जालो विधि-१

राप्ती गाउँपालिकाको लैससास परिक्षण नतिजा



९.२.२. राप्ती गाउँपालिकाको लैससास परिक्षण मुख्य सुचक नतिजाको बार डायग्राम विधि :



चित्रमा जम्मा ५ वटा मुख्य सुचकहरु मध्य लैससास परिक्षणको नतिजा संस्थागत व्यवस्था सबै भन्दा राम्रो त्यस्तै नीति, कानुन योजना, मानव संशाधन तथा क्षमता विकास र सेवा प्रवाहमा मध्यम अवस्थामा रहेका छ। संस्थागत व्यवस्था सुचक र यस भित्रको कार्यप्रणलीमा समावेशी कमजोर अवस्थामा रहनुका साथै नीति कानुन योजना सुचक र यस भित्रको उप सुचक वजेट तर्जुमा तथा कार्यान्यवन, मानव संशाधन तथा क्षमता विकास मुख्य सुचक भित्रको उप सुचक अनौपचारिक मुल्य मान्यता तथा कुसंस्कार

विरुद जनचेतना, सेवा प्रवाह मुल्य सुचक भित्रको पुर्वाधार विकास, प्रजनन स्वास्थ्य साथै सुशासन तथा उत्तरदायित्व मुख्य सुचक भित्र सुशासन, उत्तरदायित्व तथा जवाफदेहिता, सुचना तथा संचार र अनुगमन तथा मुल्यांकन उप सुचक अति नै कम्जोर अवस्थामा रहेको छ। राप्ती गाउँपालिकाले यो क्षेत्रमा सुधार गर्नको लागि आगामि दिनहरुमा योजनावद्द रुपमा कार्यक्रमहरु गर्नु पर्ने देखिन्छ।

९.२.३. उप- सुचकगत रुपमा नतिजा माकुरी जालो प्रस्तुती :



९.२.४. उप-सुचकगत रुपमा नतिजाको बार डायग्राभ विधि :



उप सुचक क्षेत्रको अवस्थालाई विश्लेषण गर्दा नीति वजेट तर्जुमा तथा कार्यान्वयन २ अंङ्क प्रप्त गरेहको छ तसर्थ यस विषयमा यस गाउँपालिकाले अत्यन्त सम्वेदनशिल भई कार्य संचालन गर्न आवश्यक छ। त्यस्तै गरी कार्यप्रणली समवेशीमा २ अङ्क, अनौपचारिक मुल्य मान्यता तथा कुसंस्कार विरुद जनचेतनामा

२ कानुनी सारक्षतामा २ अङ्क, पुर्वाधार विकासमा १.५ प्रजनन स्वास्थ्यमा २.५ सुशासन सुशासनमा १.५, उत्तरदायित्व तथा जवाफदेहिता १.५, सुचना तथा संचार १.५, अनुगमन तथा मुल्यांकनमा १.५ गाउँपालिका कमजोर अवस्थामा देखिन्छ । तुलतात्मक रुपमा धेरै उप सुचकहरुमा राम्रो देखिएको र आगामी दिनमा सत प्रतिशत नतिजा ल्याउनको लागि यो कमजोर अवस्थामा रहेको उप सुचकहरुलाई बिशेष प्राथमिकतामा राखेर कार्य योजना तयार गर्नु पर्दछ ।

१०. राप्ती गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सवल पक्ष, कम्जोर पक्ष, अवसर र चुनौति :

मूल शोर्षक	सबल पक्षहरू	सुधार गर्नुपर्ने पक्षहरू	अवसर	चुनौति
निती कानुन योजना	➢ नेपालको संबीधान स्थानीय सरकार संचालन एन २०७४ लगायत प्रचलित संघिय तथा प्रदेश कानुन भन्दा बढी र स्थानीय बिशेषता समेटी थप समबेशिकरणमा जोड गरियको। (जस्तै थारु मगर समुदायका लागि दुइ पुस्तक कार्यक्रम)। ➢ आवधिक र बार्षिक योजना तर्जुमा थप सहभागितामुलक निर्णयमा साझेदारी र कार्यान्वयन मा अर्थपूर्ण सहभागिता को सुनिश्चितता गरियको । ➢ बजेट तर्जुमा अघि सबै पक्षिय सहभागीतामा छलफल र पहिचान गर्ने पद्धति को शुरुवात भएको ।	➢ लैंगिक उत्तरदायी तथा समाबेसी बजेट भए नभएको बारे बजेट तर्जुमा अघि परिक्षन् गर्ने परिपाटी नरहेको । ➢ नीति कानुन र बजेट तथा कानुन तर्जुमा लाइ तथ्यमा आधारित तुल्याउन नसकेको।	➢ स्थानीय तहलाई स्थानीय आवश्यकता र अवस्था अनुसार आफ्नो नीति र कानुन निर्माण गर्न सक्ने संबैधानिक अधिकार । ➢ खंडिकृत तथ्यांक Digital Form मा राख्नुपर्ने अबस्थाले सूचना तथा तथ्यांकको बैंक स्थापना गर्न सक्ने र त्यसको बहु उपयोगको अवस्था ।	➢ कानुन नीति र योजनाको लैंगिक समानता र समबेसिताको कसीमा परिक्षनपुर्व सफल हुने बिषय हुनु। ➢ सूचना तथा तथ्यांकको योजना तर्जुमा को अवस्था बिरासतियता र बैधता कायम गर्ने सान्दर्भिक उपयोगिता कायम गर्न । ➢ कार्यक्रम तर्जुमा अनुसार ब्यबहारमा अर्थपूर्ण कार्यान्वयनमा यथार्थ परकता ल्याउनु ।
संस्थागत व्यवस्था	➢ कार्यप्रणाली समावेशी सम्बन्धी नीतिगत व्यवस्था भएको । ➢ निर्णायाक तहमा समान सहभागीता पालिकाबाट गठन हुने विभिन्न समिति उपसमिति कार्यदलमा कानून बमोजिमको सहभागीता प्रतिनिधीत्व रहेको । ➢ स्थानीय तहमा महिलाविकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत	➢ पालिकाभित्रका सबै प्रकारका तथ्याङ्क संकलन भएको । ➢ लै.स.स हेर्ने छुट्टै इकाइको व्यवस्था नरहेको । ➢ लै.स.स. सँग सम्बन्धित अभिलेख व्यवस्थापन नरहेको ➢ निर्णायक तहमा अर्थपूर्ण सहभागीता नरहेको । ➢ पालिकाबाट गठन हुने विभिन्न समिति उपसमिति कार्यदलको प्रमुख पदमा महिलाको न्यून रहनु	➢ कार्यप्रणाली समावेशी सम्बन्धी नीतिगत व्यवस्था भएकोले इकाइको व्यवस्था गरी कार्य सञ्चालन गर्न सकिने । ➢ जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न सकिने ➢ नेतृत्व विकास मार्फत समिति, उपसमिति र	➢ पलिकाबाट कर्मचारी पदपूर्ति गर्दा समावेशीकरणालाई अवलम्बन गर्ने । ➢ बजेट, निर्णायक तहमा अर्थपूर्ण सहभागीता गराउनु । ➢ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व अवसर दिन र लिन नखोजिनु ➢ सीमित स्रोत साधन न्यून हुनु तथा भएको कोषको सबैलाई साक्षात्कार नहुनु ➢ एकद्वार प्रणाली मार्फत तथ्याङ्क व्यवस्थापन गर्नु

	व्यवस्थापनका लागि लागि छुट्टै कोष स्थापना भएको	➢ वित्त व्यवस्थापन प्रणाली मार्फत प्रयाप्त लाभ दिन नसक्नु ➢ लै स स सँग सम्बन्धित रहेर पालिकाभित्रका सबै प्रकारका तथ्याङ्क संकल्न व्यवस्था न्यून रहेको ।	कार्यदलमा प्रतिनिधित्वको सुनिश्चितता गर्ने ➢ वित्त व्यवस्थापन कोष स्थापना भएको कुरालाई प्रचारप्रसार गरी लाभग्राहीले यसको उपयोग गर्न सक्ने वातावरण तयार गर्नु ➢ तथ्याङ्क सङकलन तथा व्यवस्थापन इकाइलाई सक्रिय बनाउने र सूचक निर्माण गरी तथ्याङ्क संकलन र व्यवस्थापन गन	➢ मानव संसाधन तथाक्षमता विकास
मानव संसाधन तथा क्षमता विकास	➢ मानव संसाधन तथा क्षमता विकाससँग सम्बन्धित नीति पारित भएको ☐अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको ➢ ☐कर्मचारी तथा जनप्रतिनीधिको कानूनी साक्षरता अभिवृद्धिको क्रममा रहेको ➢ ☐स्थानीय सरकारलेविपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधिको प्रति र निर्माणको क्रममा गरिएको परामर्श कार्यक्रमको उपस्थिति र सहभागिता विवरण रहेको	➢ मानव संसाधन तथा क्षमता विकास इकाइको गठन नहुनु ➢ कार्यविधिगत व्यवस्था नरहेको पटक पटक कार्यक्रम सञ्चालन गर्दा समेत अपेक्षित उपलब्धी हासिल हुन नसक्नु ➢ स्थानीय तहको कार्य क्षेत्रको विविधिकरणका कारण सबै प्रकारका कानूनको विषयमा क्षमता अभिवृद्धि हुन नसक्नु ➢ विकास निर्माणको विषयमा विपद व्यवस्थापनजन्य विषयको विश्लेषणमा कमजोरी रहेको । ➢ मानव संसाधन तथा क्षमता विकास इकाइको गठन गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्नु	➢ मानव संसाधन तथा क्षमता विकास इकाइको गठन गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्नु ➢ वभिन्न संघसंस्थाहरुसँग समन्वय गरी यसको प्रभावकारीता अभिवृद्धि ➢ स्थानीय तहको कार्य क्षेत्रको विविधिकरणका कारण सबै प्रकारका कानूनको विषयमा क्षेत्रगत आधारमा क्षमता अभिवृद्धि गर्नु सकिनु स्थानीय तहको कार्य क्षेत्रको विविधिकरणका कारण सबै प्रकारका कानूनको विषयमा क्षेत्रगत आधारमा क्षमता अभिवृद्धि गर्नु सकिनु	➢ संघीय कानूनले छुट्टै मानव संशासन तथा क्षमता विकास इकाइको गठन सम्बन्धी व्यवस्था नगर्नु ➢ अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना गर्दा समेत रुपान्तरणको अभाव ➢ कानून र व्यवहार वीचको तादाम्यता गर्न नसकिनु ➢ विपद व्यवस्थापनमा को सन्दर्भमा सबै प्रकारका निकाय र नागरिक स्थानीय सरकारमा आश्रित हुन नसकिनु

		➢ विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी यसको प्रभावकारीता अभिवृद्धि हुन नसक्नु ➢ स्थानीय तहको कार्य क्षेत्रको विविधिकरणका कारण सबै प्रकारका कानूनको विषयमा क्षेत्रगत आधारमा क्षमता अभिवृद्धि गर्न नसकीनु ➢ विपद व्यवस्थापनमा समावेशिता सम्बन्धी तथ्याङ्क लगायतका अभिलेख व्यवस्थापन गर्नु ➢ संघीय कानूनले छुट्टै मानव संशासन तथा क्षमता विकास इकाइको गठन सम्बन्धी व्यवस्था नगर्नु ➢ अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना गर्दा समेत रुपान्तरणको अभाव ➢ कानून र व्यवहार वीचको तादाम्यता गर्नु नसकिनु ➢ विपद व्यवस्थापनमा को सन्दर्भमा सबै प्रकारका निकाय र नागरिक स्थानीय सरकारमा आश्रित हुन नसकिनु	➢ विपद व्यवस्थापनमा समावेशिता सम्बन्धी तथ्याङ्क लगायतका अभिलेख व्यवस्थापन गर्नु विपद व्यवस्थापनमा समावेशिता सम्बन्धी तथ्याङ्क लगायतका अभिलेख व्यवस्थापन गर्नु विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी यसको प्रभावकारीता अभिवृद्धि स्थानीय तहको कार्य क्षेत्रको विविधिकरणका कारण सबै प्रकारका कानूनको विषयमा क्षेत्रगत आधारमा क्षमता अभिवृद्धि गर्नु सकिनु विपद व्यवस्थापनमा समावेशिता सम्बन्धी तथ्याङ्क लगायतका अभिलेख व्यवस्थापन गर्नु	
सेवा प्रवाह	➢ स्थानीय स्तरको सार्बजनिक भवन , शौचालयहरु अपाङ्ग ,बाल मैत्री रहेको ➢ स्वास्थ्य नीति अन्तर्गत गर्भवती महिलाहरुलाई निशुल्क भिडियो	➢ सार्बजनिक भबन तथा स्थलहरुमा अलगै स्तनपान कक्षको व्यवस्थागर्नुपर्ने ➢ गर्बावती महिलालाइ जोखिम युक्त काममा नलगाउने नीतिको	गरिब तथा बन्चितिकरनमा परेका समुदायको पहुच र क्रय शक्ति अनुरुप सुपथमूल्य सहकारी पसल स्थापना तथा संचलान गर्नु	➢ प्रदेश सरकार द्वारा राजधानी क्षेत्रमा भौतिक संरचना निर्माणमा रोक लगाएकोले निजिभवन निर्माण सम्बन्धि नक्सा स्वीकृत गर्न नसकिने

	एक्सरे तथा एम्बुलेन्स सेवा संचालन गरियको ➢ सुत्केरी महिलाहरुलाई उपाध्यक्ष कोसेली तथा प्रसुती पोषण भत्ताको व्यवस्था गरियको ➢ बन्चितिकरंमा परेका तथा पारियका समुदायका सबै बालबालिकाहरुलाई निशुल्क पाठ्यपुस्तक , शोक्षिक सामग्री तथा पोषणको व्यवस्था गरियको ➢ गरिब तथा बिपन्न बिद्यार्थीहरुलाई स्नातक तह सम्म छात्रवृत्तिको व्यवस्था गरियको ➢ गाउँपालिकाको दुर्गम पहाडी बस्तीमा सोलार लिफ्ट खानेपानी तथा सिचाईओजन संचालनमा रहेको ➢ पहाडी क्षेत्रमा आकासेपानि संकलन पोखरी र बेशिक्षेत्रमा रिचार्ज पोखरीहरु संचालनमा ल्याइएको ➢ बिपन्न, दलित, मुक्त कमैया र कम्लहरी लक्षित शिप मुलक , रोजगार मुलक तथा उद्दम केन्द्रित कार्यक्रम संचालन गरिएको	प्रभावकारी कार्वान्यनको लागि अनुगमन गरि पर्तिबेदन दिनु पर्ने ➢ अशिक्षित महिलाको लागि साथि शिक्षा , प्रौढ शिक्षा , बच्चा देखि बच्चा कक्षा संचालन गरेर अनुगमन तथा प्रतिवेदन तयार गर्ने ➢ पालिका स्तरिय फोहरमैला ब्यबस्थापन केन्द्र बनाउनु पर्ने	➢ १५०० वर्ग फित भन्दा बढी क्षेत्रफल भएका निजि भवन तथा संरचना निर्माण सम्बन्धि नक्सा स्वीकृत गर्दा महिला, गर्भवती, अपांगता तथा बालमैत्री दृष्टिकोण बाट उपयुक्त हुनेगरि निर्माण गर्नको लागि प्रदेश सरकार बाट घरजग्गा तथा संरचना निर्माण रोकिएकोले उक्त रोकिएको कामकाज फुकुवा गरि भवन संरचना तयार गर्नु	➢ समुदाएको असहयोगका कारण पालिका स्तरीय फोहरमैला ब्यबस्थापन केन्द्र स्थापना तथा संचालन गर्न नसकिने
सुशासन तथा उत्तरदायित्व	➢ न्यायीक समिति मार्फत लैंगिक तथा योनिक अल्पसंख्यकलाइ प्राथमिकता दिई सुनुवाई र निरुपण गर्ने गरियको ➢ लक्षित समुह बिपन्न नागरिक तथा असहाय जेष्ठ नागरिक र महिला अपांग व्यक्तिहरुको सिग्र उद्दार र	➢ महिला, बालबालिका, जनजाती, बिपन्न वर्ग, दलित, मदेशी, मुस्लिम,अपांगता तथा जेष्ठ नगरीक सम्बन्धि खंदिकृत तथ्यांक नहुनु ➢ अन्तरास्ट्रिय सन्धि प्रस्ताब र सम्झौता कार्ययोजनामा स्थानिय	➢ जनतामा आफ्नो कर्तब्य र अधिकारको बारे पैरबिको बढ्दो अवस्था ➢ सकारात्मक र जागरुक जनप्रतिनिधि र कर्मचारीको प्रतिबद्धता	➢ सुशान र उत्तरदायित्वबारे लैंगिक संबेदय साझा बुझाई र एकरुपता कायम गर्ने विषय ➢ सबै सम्बद्ध क्रियाकलाप संचालनमा प्रक्षेपण गरिएको श्रोतसाधनको समयबद्ध र प्रयाप्त उपलब्धता हुने बिषय

	ब्यबश्थापन (निल सागर सेवा आश्रम संग सहकार्य) ➢ नियमित तथा आकस्मिक अनुगमन मार्फत प्राप्त कैफियत सुधारको लागी सुझाब लिने र कार्वान्वयन गर्ने ➢ सेवाग्राहीहरुलाई लैंगिक तथा समाबेशी सवालमा सम्बेदंशिल हुने प्रबोधिकरण समिति सस्थामा र पदाधिकारीमा जिम्मेवारी र जबाब देहिता किटान भएको ➢ कर्मचारी र जनप्रतिनिधिको आचार संहिता निर्माण तथा प्रर्तिबद्धता प्राप्त भएको	तह लाइ तोकिएको जिम्मेवारी पुरा गर्न कार्यक्रम तथा बजेटमा सम्बोधन नहुनु ➢ कार्यक्रम परियोजनाको लाभान्वित बर्गमा पुर्णरुपमा लिएको अबष्ठाको बिश्लेसनात्मक प्रभाब मुल्यांकन हुने पद्धतिको कमि	➢ सबै तथ्यांकहरु खंदिकृत रुपमा म्ष्नष्तबी एचयखष्लअभ संगै म्ष्नष्तबी एबष्पिब को अबधाराना अगाडी बढाउनु ➢ अन्तराष्ट्रिय तथा राष्ट्रिय सन्धि नीतियोजना तथा कर्यक्रम बारे तिन तहको सरकार र गैर सरकारी क्षेत्रमा सर्वसाधारणहरुको संग्लनता बढाउनु ➢ सुशासनयुक्त जबाफदेही सरकार सस्कार र सस्थाको अवाधराना बलियो बन्दै	➢ तिन तहको साझा सुची रहेकोले अर्थपूर्ण समन्वय र सहकार्य कायम गर्ने विषय र प्रथामिकरणको विषय ➢ प्रतिवद्धता बमोजीम कार्वान्वयनमा गुनास्तारियता र तिब्रता हासिल गर्ने

११.लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण विकास कार्ययोजना :

राप्ती गाउँपालिका

लैङ्गिक तथा सामाजिक समावेशिकरण बिकास कार्ययोजना

मिति : २०७९/१२/०५ र ०८ गते

मुल सुचक		अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप	क्रियाकलाप संचालन गर्ने जिम्मेवरी			समयावधि	थप दायित्व पर्ने/नपर्ने	
पूर्णङ्क	प्राप्तांक		पहलकर्ता	निर्णयकर्ता	कार्यान्वयन कर्ता		पर्ने	नपर्ने
निति कानुन र योजना-२०		स्थानिय सरकारको निती र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी विकास स्थानिय कानुन, निती, आवधिक र वार्षिक योजनामा भएका नितिहरु सम्बन्धि कुराहरु समावेश गराउने	लै.स. सा.स. समन्वय समिती	कार्यपालिका	लै.स.सा.स. समन्वय समिती	आगामी आब २०८०/०८१		नपर्ने
		स्थानिय सरकारको महिला पुरुषको समविकास तथा सामाजिक समावेशिकरण र लैंगिक परिक्षण समाजिक विभेद अन्त्य गर्ने सम्बन्धि अलग्गै निती, कानुन, कार्यविधि तथा निर्देशिकाको व्यवस्था गर्ने	लै.स.सा.स. समन्वय समिती	कार्यपालिका	लै.स.सा.स. समन्वय समिती	आब २०८०/को आषाढ मसान्त भित्र	पर्ने	
		स्थानिय सरकारका क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गर्ने	लै.स.सा.स. समन्वय समिती	कार्यपालिका	लै.स.सा.स. समन्वय समिती	आगामी आब २०८०/०८१	पर्ने	
संस्थागत व्यवस्था-२०		पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीचसमावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति ल्याउने	लै स सा स सम्न्वोय समिति	कार्यपालिका	गाँउ पालिकाको कार्यालय	आ.व २०८०/०८१		नपर्ने
		कार्यालयमा हुनसक्ने कुनैपनि प्रकाको दुर्व्यवहार, भेदभाव र महिला हिंसा नियन्त्रणकोलागी आचारसंहिता बनाएर लागु गर्ने	प्र. प्र. अ.	कार्यपालिका	गाँउ पालिकाको कार्यालय	आषाढ मसान्त २०८०		नपर्ने
		लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय श्रोतहरु लागि वजेटको व्यवस्था गर्ने	हला तथा बालबालिका शाखा र प्र प्र अ	कार्यपालिका	हला तथा बालबालिका शाखा र प्र प्र अ	आ.व २०८०/०८१	पर्ने	
		स्थानीयसरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना।तथ्याँक संकलनतथा अध्यावधिकगर्ने	सम्बन्धित विषयगत शाखा	कार्यपालिका	सम्बन्ति विषयतग शाखा	असार मशान्त सम्म २०८०	पर्ने	

मानव संशाधन तथा क्षमता बिकास -२०		मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइको व्यवस्थागर्ने	प्र.प्र.अ	कार्यपालिका गाँउपालिका	गाँउपालिका	आब २०८०/०८१	प्रदेश सुशासन केन्द्र को पर्ने	
		महिला विकासकालागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा स्थानीयसरकारका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी तथा अभिमुखीकरण गर्ने	महिला तथा बालबालिका शाखा	कार्यपालिका	कार्यपालिका प्र प्र अ	आब २०८०/०८१ पहिलो चौमासिक	प्रशिक्षक अवशयक पर्ने	
सेवा प्रवाह-२०		स्थानीय तहको कार्यालय स्वास्थ्य चौकी तथा सम्भब भए सम्म सार्बजनिक स्थलहरुमा स्तनपान कक्षको व्यवस्था गर्ने	स्वास्थ्य शाखा		स्वास्थ्य शाखा	आब २०८०/०८१	पर्ने	
		गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयनमा ल्याउने	आर्थिक विकास समिति	गाँउ सभा	गाँउ पालिकाको कार्यालय	आब २०८०/०८१	पर्ने	
सुशासन तथा उत्तरदायित्व-२०		स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिकसमानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने	सामाजिक विकास शाखा	कार्यपालिका	सामाजिक विकास शाखा	निरन्तर	पर्ने	
		राष्ट्रिय तथा अन्तरास्ट्रिय सन्धि महासन्धि , प्रस्ताब, र विभिन्न घोषणा पत्रका बुंदाहरु लाइ स्थानिकरण गर्न र आवस्यक बजेट तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभियानको रुपमा संचालन गर्ने	सुशासन तथा संस्थागत विकास समिति र सामाजिक विकास समिति	कार्यपालिका	गाँउ पालिकाको कार्यालय	आब २०८०/०८१	पर्ने	

१३.सुझाव :

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण बाट परिक्षण आएको अंकभार, बिभिन्न दस्ताबेजहरुको अध्ययन, लक्षित वर्गको छलफल र सम्पुर्ण सुचकहरुको छलफलबाट लैससास पुर्ण रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमका सुझावहरु रहेको छ ।

- सामाजिक, आर्थिक, राजनौतिक समावेशिकरण सम्बन्धि क्षमता बिकास कार्यक्रमलार्ई पिछडीएको समुदाय सघन रुपका बसोवास गर्ने वडा तथा वस्तीमा विस्तार गर्ने ।
- वालवालिकाको वाल अधिकारको सुनिश्चिता कायम गरि वालमैत्री शासन व्यवस्थाको प्रवर्धन गर्ने ।
- गाउँपालिकाले कार्यालयको संस्थागत विकास गर्न आवश्यक कर्मचारीहरुको पदपुती गर्न आवश्यक देखिन्छ ।
- प्रदेश स्तरिय एंव स्थानिय तहको लैससास सम्बन्धि संजाललाई सशक्तिकरण गरि प्रदेश र स्थानिय तहमा लैससास विषय लाई प्रभावकारी कार्यान्वयनमा जोडमा दिने ।
- सरकारी, निजि तथा सार्वजनिक पुर्वाधार लैससास मैत्री हुनका साथै प्रवाह गरि सेवा सुचना, सुविधा लैससास मैत्री गर्नमा जोड दिनुपर्ने ।
- गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, नियम, कानुन र कार्यविधि निर्माण गरि जनप्रतिनिधि कर्मचारी तथा सरोकारवालाहरुलाई अभिमुखीकरण गरिनुपर्ने देखिन्छ ।
- गाउँपालिकाले लैससास परिक्षण प्रत्येक वर्ष अनिवार्य गर्नु पर्ने साथै पदाधीकारी र कर्मचारीलाई लैससास संवेदनशिल बनाउन लैससास सम्बन्धी क्षमता अभिवृद्दी गर्नुपर्ने ।
- गाउँपालिका उपाध्यक्ष तथा कार्यपालिका सदस्यले लैससास शिर्षकमा बिनियोजन भएका बजेटहरु मा कार्यान्वयनको लागी जोड दिनुपर्ने देखिन्छ ।

१३. निश्कर्ष :

लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण परिक्षण गर्नको लागि प्रेत्यक शाखा शाखामा गई परिक्षणका लागि आबश्यक तयारी सहित अध्यायन, सरोकारवालासंग छलफल तथा अन्तरक्रयाहरु सफलता पुर्बक सम्पन्न भएको थियो । विषयगत शाखाका कर्मचारीहरु तथा अन्य पदाधिकारिहरुसंग छलफल तथा अवलोकन गरि लैङ्गिक संवेगनशीलता अध्यायन गरेको थियो । यसै क्रममा नगरपालिकामा उपलब्ध निति तथा कार्यक्रम, आबाधिक योजना लगायतका अन्य दस्तावेजहरु अध्ययन समेत गरिएको थियो। लैससास परिक्षणलाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो। यद्दपी सुचकहरुमा स्कोरीङ र अनुशिक्षणका लागि तिन दिने कार्यशाला गोष्टी तय गरिएको थियो । कार्यशालाको पहिलो दिन उपस्थित पदाधिकारी तथा कर्मचारीलाई लैससास तथा लैससास परिक्षणको आवस्यकता तथा महत्तको वारे अभिमुखिकरण गरि परिक्षणको सुचकहरु विच गहन छलफल गरि सुचकहरुमा स्कोरिङ गरियो । यसै गरि सुचकहरुको प्राप्तङ्कको आधारमा माकुरोको जालो बिधि र ड्यास विधिबाट नतिजाको अन्तराल विश्लेषण गर्दै आगामी दिनमा पालिकाले गर्नु पर्ने कामको सुचि सहितको कार्य योजना तयार गरिएको थियो ।

अनुसुची-१

परिक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंक

तालिका १: लैगिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक.मध्यम अवस्थालाई ० ,५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ । तल दिएको तालिकामा प्रत्येक सूचकमा '०' र ,'५.०' ,'१' अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ ।

सिनं	मूल बिषय	सहायक बिषय	अक	सूचक नं	सूचक	सूचकको अङ्क	प्राप्ताङ्क	१ अंक आउने अवस्था	०.५ अंक आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
१	नीति, कानू न, योजना २०	नीति र कानूनमासमावेशिता\ सहभागिता	८	१.१.१	स्थानीय तहकोनीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोलीनिर्माण, पूर्व दस्तावेजको समीक्षागर्दा लैससासदृष्टिकोणलेभएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी रसहभागितामूलक हुने गरे \ नगरेको	०-१	0.5	स्थानीय तहकोनीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोलीनिर्माण, पूर्व दस्तावेजको समीक्षागर्दा लैससासदृष्टिकोणलेभएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी रसहभागितामूलक हुने गरेको	स्थानीय तहकोनीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोलीनिर्माण, पूर्व दस्तावेजको समीक्षा, मस्यौदाको बिषयवस्तु र शब्द चयन आँसिक रुपमामात्र समावेशी रसहभागितामूलक हुने गरेको	स्थानीय तहकोनीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोलीनिर्माण, पूर्व दस्तावेजको समीक्षागर्दा लैससासदृष्टिकोणलेभएको , मस्यौदाको बिषयवस्तु र समावेशी शब्द चयन रसहभागितामूलक हुने गरेको	स्थानीय तहले स्वीकृत गरेका नीति तथा कानूनी दस्तावेजहरु र स्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरु

तालिका १: लैगिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक.मध्यम अवस्थालाई ० ,५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ । तल दिएको तालिकामा प्रत्येक सूचकमा '०' र ,'५.०' ,'१' अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ ।

सिनं	मूल बिषय	सहायक बिषय	अक	सूचक नं	सूचक	सूचकको अङ्क	प्राप्ताङ्क	१ अंक आउने अवस्था	०.५ अंक आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
२				१.१.२	स्थानीय सरकारलेआफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भएनभएको बारे लेखाजोखा गर्ने गरे । नगरेको	०-१	0.5	स्थानीय सरकारलेआफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भएनभएको बारे लेखाजोखा गर्ने गरेको	स्थानीय सरकारलेआफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भएनभएको बारे आँसिक रुपमा मात्र लेखाजोखा गर्ने गरेको	स्थानीय सरकारलेआफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भएनभएको बारे लेखाजोखा गर्ने नगरेको	स्थानीय सरकारलेआफ्ना नीति, कानून, योजना का दस्ताबेजहरू र लेखाजोखा सम्पन्न भएको प्रमाणित गर्ने कागजातहरु
३				१.१.३	स्थानीय सरकारकोनीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका	०-१	1	स्थानीय सरकारकोनीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका	स्थानीय सरकारकोनीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी कुराहरू	स्थानीय सरकारकोनीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका	स्थानीय सरकारकास्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनासम्वन्धी दस्तावेजहरू आवधिक, वार्षिक नीति तथा कार्यक्रम र

तालिका १: लैगिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक.मध्यम अवस्थालाई ० ,५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ । तल दिएको तालिकामा प्रत्येक सूचकमा '०' र ,'५.०' ,'१' अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ ।

सिनं	मूल बिषय	सहायक बिषय	अक	सूचक नं	सूचक	सूचकको अङ्क	प्राप्ताङ्क	१ अंक आउने अवस्था	०.५ अंक आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					नीतिहरू) सम्वन्धी कुराहरू समावेश भए । नभएको			नीतिहरू) सम्वन्धी कुराहरू समावेश भएको	आँसिक रुपमामात्र समावेश भएको	नीतिहरू) सम्वन्धी कुराहरू समावेश नभएको	योजना पुस्तिकामा समावृश गरिएको
४				१.१.४	स्थानीय सरकारकोमहिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन । छैनन्? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास	०-१	0.5	स्थानीय सरकारकोमहिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्नेसम्बन्धी अलग्गै नीति भएको र यस्तो नीति स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा समावेश गरिएको	स्थानीय सरकारकोमहिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्नेसम्बन्धी अलग्गै भएको तर स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा समावेश नगरिएको	स्थानीय सरकारकोमहिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्नेसम्बन्धी अलग्गै नीति नभएको र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा समेत कुनै खास व्यवस्था नगरिएको	स्थानीय सरकारकोमहिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्नेनीति दस्तावेज र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकाहरू

तालिका १: लैगिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक.मध्यम अवस्थालाई ० ,५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ । तल दिएको तालिकामा प्रत्येक सूचकमा '०' र ,'५.०' ,'१' अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ ।

सिनं	मूल बिषय	सहायक बिषय	अक	सूचक नं	सूचक	सूचकको अङ्क	प्राप्ताङ्क	१ अंक आउने अवस्था	०.५ अंक आउने अवस्था	० अक आउने अवस्था	प्रमाणिकरणको आधार
					व्यवस्था गरिएको वा नगरिएको)						
५				१.१.५	स्थानीय तहलेकार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेकोसमुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्नपर्याप्त प्रावधान व्यवस्था गरिएको छ । छैन ?	०-१	0.5	स्थानीय तहलेकार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेकोसमुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्नपर्याप्त प्रावधान राखिएको	स्थानीय तहलेकार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेकोसमुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्ने खालका केही प्रावधानमात्र समावेश गरिएको	स्थानीय तहलेकार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेकोसमुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्नकुनै प्रावधान नराखिएको	स्थानीय तहलेकार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिहरू र तिनको लैससास दृष्टिले विश्लेषण गरिएको दस्तावेज

तालिका १: लैगिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक.मध्यम अवस्थालाई ० ,५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ । तल दिएको तालिकामा प्रत्येक सूचकमा '०' र ,'५.०' ,'१' अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ ।

